बागमती प्रदेश सभा

सार्वजनिक लेखा समिति

हेटौंडा, मकवानपुर, नेपाल

बैठक -७५

मितिः २०७९/०४/०८ गते

**निर्णयहरुः**

१. सार्वजनिक लेखा समितिको मिति २०७९/०३/१६ को बैठकबाट यस प्रदेशको स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट सिटीस्क्यान मेसिन खरिद प्रकृयामा अनियमितता भएको भनिएको सम्बन्धमा र प्रदेश सरकारमार्फत वितरण गरिएको कृषि अनुदान (आ.व. २०७६/७७ देखि हालसम्म) सम्बन्धमा सत्य तथ्य जाँची कारबाही अगाडी बढाउन मिल्ने वा नमिल्ने सम्बन्धमा छानबिन गर्न सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधी, २०७५ को दफा ६ को उपदफा ५(१) बमोजिम समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठको नेतृत्वमा माननीय चन्द्र बहादुर लामा र माननीय रमेश पौड्याल सदस्य रहने गरी गठन भएको उपसमितिले बुझाएको प्रतिवेदन समितिले ग्रहण गर्ने र उक्त प्रतिवेदनमा उल्लेख भएका सुझाव तथा निर्देशनहरु कार्यान्वयनको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने।

२. निर्णय नं. १ बमोजिम प्राप्त प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा कृषि अनुदान वितरण तथा सोको कार्यान्वयनको अवस्था र अनियमितता सम्बन्धमा जाँचबुझ गरी सत्यतथ्यसहित प्रतिवेदन पेश गर्न सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधी, २०७५ को दफा ९ बमोजिम तपशिलको उपसमिति गठन गर्ने:

क) उपसमिति पदाधिकारी

संयोजकः माननीय मुनु सिग्देल

सदस्यः माननीय ओम बहादुर ग्लान

सदस्यः माननीय जिवन [redacted] खड्का

ख) कार्यक्षेत्र

- बागमती प्रदेश सरकारको अनुदानमार्फत निर्माण भएका १० वटा शीतभण्डारहरु
- पशुवधशाला हेटौंडा र ललितपुर
- बंगुर फार्म धादिङ

ग) उपसमितिको समयसीमा २०७९ भाद्र १० सम्म रहने छ ।

३. आ.व.२०७८।७९ मा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट वितरित सहुलियतपूर्ण कर्जाको कार्यान्वयनको अवस्था, जिल्लागत विवरण तथा रकम सहितको लाभग्राही विवरण सम्बन्धित मन्त्रालयसँग माग गर्ने ।

४. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७९ मा उल्लेख भएका मन्त्रालय तथा निकायगत बेरुजुहरुको सम्बन्धमा दफावार छलफलको लागि मिति २०७९।०२।१७ मा गठित उपसमितिहरुले नै उक्त निर्णयमा उल्लेखित निकायहरुको कार्यक्षेत्र रहने गरी दुवै वार्षिक प्रतिवदेनहरुमाथिको छलफलको प्रतिवेदन एकमुष्ट पेश गर्ने गरी मिति २०७९ भाद्र १५ गते सम्ममा समयसीमा निर्धारण गर्ने ।

बागमती प्रदेश सभा
सार्वजनीक लेखा समिति
हेटौंडा, नेपाल